# ११ पवित्र विश्रामबार अर्थात शाबथः अदनको बगैचामा हामीले पाएको उपहार

*यस अध्यायको निम्ति पढ्नुहोस्:* उत्पत्ति २:१-३, हिब्रू ४:३,४, व्यवस्था ५:१२-१५, इजकिएल २०:१२, मर्कूस २:२७,२८, २ पत्रुस ३:३-७।

*कण्ठ गर्नुपर्ने पद:* **"मानिसको पुत्र शाबथ दिनको पनि स्वामी हो।" मर्कूस १२:८ (रूपान्तरित)।**

**छैठौं दिनको अन्तमा सृष्टिको सम्पूर्ण काम सकिएको थियो (उत्पत्ति २:१,२)।** मानिसहरू बस्न उपयुक्त हुने गरेर परमेश्वरले यस संसार तयार गरिदिनुभएको थियो। अनि यस पृथ्वीमा विभिन्न थरिका जीवजीवातहरूले भरिदिएका थिए। परमेश्वरकै स्वरूपमा परमेश्वरले आदम र हब्बालाई सृष्टि गर्नुभएको थियो। तिनीहरूलाई अति रमणीय र सुन्दर बँगैचा दिइएको थियो। त्यो तिनीहरूको लागि घर थियो। प्रथम् विवाह त्यहाँ सम्पन्न भएको थियो। दाम्पत्य जीवन बिताएर प्रथम् पारिवारिक घर बनाउन तिनीहरूलाई अऱ्हाइएको थियो। आफूले सृष्टि गर्नुभएको सम्पूर्ण कामदेखि परमेश्वर अत्यन्त सन्तुष्ट हुनुभएको थियो। तर अदनको बँगैचामा अर्को महत्त्वपूर्ण कुरा थपिएको थियोः त्यो थियो सातौं दिनको शाबथ (उत्पत्ति २:१-३)।

कतिपय इसाईहरूले दाबी गरेका विश्रामबार वा शाबथ केवल यहूदी जातिहरूलाई मात्र दिएका यहूदी शाबथ हो भन्ने कुरा सरासर गलत हो भनेर उत्पत्ति २ले सरासर असहमत जनाउँछ। किन त? किनभने परमेश्वरले "सातौं दिनलाई आशिष दिनुभयो र त्यसलाई चोख्याउनु अर्थात् पवित्र पार्नुभयो" (रूपान्तरित)। याद गर्नुहोस्, त्यो कार्य अदनको बँगैचामा सम्पन्न गर्नुभएको थियो। त्यसबेला न त पापको प्रवेश नै भएको थियो न त यहूदी जातिको अस्तित्व नै भएको थियो।

अझ अर्को महत्त्वपूर्ण कुरा त यो हो, केवल यहूदीहरूलाई मात्र नभएर सारा मानव जातको निम्ति शाबथ सृष्टिको स्मारकको रूपमा परमेश्वरले दिनुभएको थियो। त्यसैकारण यस पृथ्वीमा रहेका सम्पूर्ण जातजाति भाषाभाषी रङ्गीविरङ्गीका मानिसहरूले शाबथको आशिषलाई रमाइलोसँग उपभोग गर्न पाउनुपर्दछ।

जसरी अदनको बँगैचामा श्रीमान र श्रीमतीको बीचमा दाम्पत्य जीवन बिताउने उपहार केवल यहूदीहरूलाई मात्र नभएर सम्पूर्ण मानव जातिलाई हो भनेर अगाडि हेरेको जस्तै पवित्र बिश्रामबार शाबथ पनि अदनकै बँगैचामा सम्पूर्ण मानवकल्याणको निम्ति परमेश्वरले दिनुभएको थियो भनेर यस अध्यायमा अध्ययन गर्नेछौं।

## १. सृष्टि र सातौं दिनको विश्रामबार शाबथ (हिब्रू ४:३,४)

मीश्रदेशबाट ओइरिएर आएका दासत्वबाट स्वतन्त्र भएका यहूदीहरूलाई परमेश्वरले आफ्नै हातले कोररे पत्थरको शीलामा दश आज्ञा दिनुभएको थियो। त्यसको चौंठो आज्ञामा शाबथको निर्देशन दिएर त्यस दिनलाई सृष्टिसँग गाँसिएको उल्लेख गरेको पाइन्छ (प्रस्थान २०:८-११)। त्यस आज्ञालाई अदनको बँगैचातिर औंल्याएको हुनाले शाबथको विषय अत्यन्त अर्थपूर्ण मान्नुपर्छ। परमेश्वरको हातबाट सिद्ध र पापरहित संसारलाई शाबथले औंल्याउँछ। सिनैको पहाडमा "शाबथ कुनै नयाँ कुरा रचिएर दिइएको थिएन। तर त्यो दिनको स्थापना सृष्टिकै समयमा भएको थियो। सृष्टिकर्ता परमेश्वरको कामलाई सम्झाउने स्मारकको रूपमा त्यो दिनलाई सबैले सम्झनुपर्दछ।" एलेन जी ह्वाइट, *पाट्रियार्क एण्ड प्रोफेटस्,* पृ. ३०७बाट रूपान्तरित।

**उत्पत्ति २:१-३मा यसरी लेखिएको वचनलाई सातौं दिनको शाबथ सृष्टिसँग सिधै कसरी जोडिएको थियो भनेर देखाउँछः "यसरी पृथ्वी, आकाश र तिनीहरुभित्र भएका यावत् वस्तुको सृष्टि पूरा भयो। 2 परमेश्वरले आफूले गर्दै गरेको काम पूरा गर्नुभयो। अनि, सातौं दिनमा परमेश्वरले आफ्ना सम्पूर्ण कामहरूबाट विश्राम लिनुभयो। 3 परमेश्वरले सातौं दिनलाई आशीर्वाद दिनुभयो र एउटा पवित्र दिन बनाएर चोख्याउनु भयो, परमेश्वरले त्यस दिनलाई एक विशेष दिन मान्नुभयो किनभने त्यस दिनमा उहाँले संसार सृष्टि गर्ने कार्यबाट विश्राम लिनु भएको थियो।" (रूपान्तरित)।**

**विकासवाद वा अरू धर्मदर्शनको सिद्धान्त अनुसार यस संसार युगौं युग लगाएर सृष्टि भएको होइन तर छ दिन लगाएर सृष्टि गरिएको हो भनेर माथिका पदहरूले कसरी पुष्टि गर्दछ?**

माथिका पदहरूमा सातौं दिन वा त्यस दिनलाई तोकिएर उल्लेख गरिएको शब्द **पाँच पल्ट** दिइएको छ। त्यसमा सातौं दिनचाहिँ तिन पल्ट छ। अनि दिन भनेर उल्लेख गरेतापनि त्यसलाई सातौं

दिनलाई नै औंल्याएको पाइन्छ। त्यो दिन र त्यो केको लागि हो भनेर माथिका पदहरूले स्पष्टरूपमा हामीलाई देखाइएको छ। सातौं दिनको पहिले छदिनमा सृष्टिको काम सम्पन्न भएको थियो भनेर ती पदहरूले हामीलाई सिकाउँदछ।

**बिश्रामको दिनको बारेमा हिब्रू पुस्तकको लेखकले पनि छलफल गरेको हामी पाउँछौं। विश्रामको दिन किन महत्त्वपूर्ण दिन हो भनेर त्यस लेखकले औंल्याएको हेरौंः " हामी विश्वासीहरू परमेश्वरको विश्राममा प्रवेश पाउँछौं। जस्तो परमेश्वरले नै भन्नुभयो "म रिसाएँ र प्रतिज्ञा गरें कि 'तिनीहरूले कहिल्यै प्रवेश गर्ने छैनन् र मेरो विश्राम पाउने छैनन्।" (भजनसंग्रह 65:11) परमेश्वरले त्यसो भन्नुभएको थियो। तर परमेश्वरले यस संसारको सृष्टि गर्नुभएपछि उहाँले आफ्नो काम समाप्त गर्नुभयो। 4 धर्मशास्त्रमा कहीं परमेश्वरले सातौं दिनको कुरा गर्नुभएको छ "अनि सातौं दिनमा परमेश्वरले आफ्नो सबै कामहरूबाट विश्राम लिनुभयो।" (हिब्रू ४:३,४ रूपान्तरित)।**

उत्पत्तिमा उल्लेखित सृष्टिको कथालाई उपरोक्त नयाँ करारका पदहरूले अत्यन्त स्पष्टरूपमा बोलेको पाइन्छ। छैठौं दिनको सृष्टिको बारेमा ऐतिहासिक प्रमाणलाई सातौं दिनमा लिएको बिश्रामले थप पुष्टि गर्दछ।

सृष्टिको काम छ दिनमा सम्पन्न भयो भनेर कतिपय मानिसहरूले विश्वास गर्न चाहन्न। त्यो कथा सत्य हो भनेर वैज्ञानिक प्रमाण देऊ भनेर कतिपयले खोजिनिती गर्दछन्। तर विज्ञान आफैमा पनि कति अनुमानित तर्कहरू भएको पाइन्छ। विज्ञानमा कतिपय थ्यौरी वा वाद अर्थात् सिद्धान्तहरू छन् जुन प्रमाण गर्न सकिएको छैन। फेरि छ दिनको सृष्टिलाई यथार्थ रूपमा कसरी प्रमाणित गर्ने त?

**यदि कोहि शङ्का गर्न चाहन्छ भने, "परमेश्वरले त्यस शङ्कालाई हटाउनुभएको छैन। हो आस्था प्रमाणमा भर पर्नुपर्छ तर बाहिरका अजीव कुराहरू, अचम्मका कामहरू, चिन्हहरू, भावना र आश्चर्य कामहरूद्वारा होइन। जसले शङ्का गर्न चाहन्छ त्यसको निम्ति शङ्का गर्ने धेरै अवसरहरू भएको पाइन्छ। तर जसले आस्था र विश्वासको चाहना गर्छन त्यसको निम्ति पनि आस्था र विश्वासका कारणहरू धेरै जुत्न सक्दछन्।"- एलेन जी ह्वाइट, *एजुकेशन,* १६९बाट रूपान्तरित। तपाईंले के परमेश्वरमाथि अत्यन्त आस्था वा विश्वास राख्नुहुन्छ? तपाईंले कुन आधारमा**

परमेश्वरलाई विश्वास गर्नुहुन्छ? तपाईंले विश्वास गर्नुभएकै कारणले कतिपय शङ्काका कुराहरूमाथि कसरी विजय पाउन सक्नुभएको छ?

## २. बिश्रामबार शाबथको अत्यन्त गहकिलो अर्थ (व्यवस्था ५:१२-१५)

**प्रस्थान २०:८-११मा परमेश्वरको हातबाट कोरिएको शाबथको आज्ञाभन्दा व्यवस्था ५:१२-१५मा उल्लेख गरिएको शाबथको आज्ञा केहि हदसम्म फरक छ, त्यो के हो त? हेर्नुहोस्: "परमप्रभु तिमीहरूका परमेश्वरले आज्ञा दिनु भएको अनुसार विश्राम-दिनलाई एक विशेष दिनको रूपमा लिनु पर्छ । 13 सातामा छ दिन आफ्नो काम गर। 14 तर सातौं दिनमा परमप्रभु तिमीहरूका परमेश्वरको सम्मानमा विश्राम लिनुपर्छ र त्यस दिन तिमीहरूका छोरा-छोरी तथा नाता-नातिनी, कमारा-कमारीहरू अथवा तिमीहरूका शहरहरूमा बस्ने विदेशीहरूले पनि काम गर्नुहुदैन। तिमीहरूका कमारा-कमारीहरू पनि तिमीहरू झैं विश्राम लिनु पर्छ अनि यहाँसम्म कि तिमीहरूले पालेका गोरू, गधा तथा अरू पशुहरूलाई पनि काममा लगाउनु हुँदैन। 15 यो कहिल्यै नबिर्स तिमीहरू मिश्र देशमा कमारा थियौ र परमप्रभु तिमीहरूका परमेश्वरको आफ्नो शक्तिले तिमीहरूलाई यहाँ ल्याउनु भयो। उहाँले तिमीहरूलाई स्वतन्त्र बनाउनु भयो। त्यसकारण परमप्रभु तिमीहरूका परमेश्वरले विश्राम-दिनलाई एक विशेष दिनको रूपमा मान्नु भनी आज्ञा दिनुभएको छ।"**

व्यवस्थाको पुस्तकका उपरोक्त पदहरूमा विश्रामबार पालन गर्नुपर्छ भनेर बिशेष गरेर इस्रायलीहरूलाई मोसाले याद दिलाउँछ। तिनीहरूलाई परमेश्वरले इजिप्तको दासत्वबाट स्वतन्त्र गराउनुभएकोले त्यसको सम्झनाको निम्ति बिश्रामबाट पालन गर्नु भनेर भनिएको थियो। ती पदहरूमा परमेश्वरले छ दिन लगाएर संसार सृष्टि गर्नुभएकोबारेमा केहि पनि उल्लेख गरिएको छैन, न त परमेश्वरले बिश्राम लिनुभयो भनेर नै भनिएको छ। प्रस्थान २०:८-११मा मुक्ति, स्वतन्त्र र पापबाट सुरक्षित राख्ने कुरालाई औंल्याइएको थियो भने व्यवस्थामाचाहिँ इस्रायलीहरूलाई इजिप्तबाट स्वतन्त्र गरिएको कुरालाई औंल्याइएको छ। येशूले हामीलाई पापबाट स्वतन्त्र गराउनुभएको छ भनेर उपरोक्त घट्नालाई प्रतिकको रूपमा पनि लिइएको छ (हेर्नुहोस्, १ कोरन्थी १०:१३)।

गहिरिएर हेर्‍यौं भने प्रस्थान र व्यवस्थामा उल्लेखित शाबथ अर्थात् बिश्रामबारको आज्ञामा कुनै मतभेद भएको पाइन्दैन। बाइबलमा

उल्लेखित एउटा सत्यलाई अर्को सत्यसँग बेमेल गराएर आफ्नो चाहेको तर्कमा ढाल्नु कुनि उचित बहाना छैन। पहिला सृष्टिको कारणले र दोस्रोमा उद्धार गरिएको कारणले परमेश्वरका जनहरू उहाँका हुन् भनेर मोसाले देखाउन खोजेकोलाई हामीले स्-हाना नै गर्नुपर्छ।

**शाबथ वा विश्रामबाट पालन गर्नुको अर्को कारण के हुन् भनेर देहायका पदहरूले यसरी बताउँछन्ः "मैले प्रत्येक सात दिने दिनहरूको विश्राम विषयमा तिनीहरूलाई बताएँ। मेलै तिनीहरूलाई मेरो पवित्र दिन तिनीहरू अनि मेरो बीचको एक विशेष संकेत जस्तै दिएँ। म परमेश्वर हुँ अनि मैले तिनीहरूलाई आफ्नो बिशेष जनहरू बनाँउदै छु भनी तिनीहरूलाई बताई दिएँ।" इजिकयल २०:१२।**

**"इस्राएलीहरूले विश्राम दिनलाई विशेष दिन भनी सम्झना राख्नु पर्छ। यस सम्झौतालाई इस्राएलीहरूले पुस्तौं पुस्तासम्म सदा-सर्वदाको निम्ति पालन गरून्। 17 विश्राम दिन म अनि इस्राएलीहरूको बीच एउटा संकेत हो। परमप्रभुले छ दिन काम गर्नु भयो। ती दिनहरूमा आकाश र पृथ्वी बनाउनु भयो अनि सातौं दिन उहाँले विश्राम लिनु भयो।" (प्रस्थान ३१:१६,१७)।**

पवित्र जीवन यापन गर्न ती पदहरूले आह्वान गर्दछन्। केवल परमेश्वरले मात्र हामीलाई पवित्र बनाउनुहुन्छ भनेर पनि माथिका पदहरूले हामीलाई सम्झाउँछ। केवल सृष्टिकर्ता परमेश्वरले मात्र हामीलाई नयाँ हृदय दिनसक्नुहुन्छ। उहाँले मात्र हाम्रो आत्मपरिवर्तन गर्नसक्नुहुन्छ।

त्यसकारण अब हामीले तिनवटा कारणहरूले शाबथ पालन गर्नुपर्ने कुरालाई ध्यान दिऔं। साथै ती तिनवटा कारणहरू एक आपसमा कसरी गाँसिएका छन्, त्यो पनि सोच्नुपर्दछ। प्रथमतः हामी शाबथ पालन गर्छौं किनभने परमेश्वरले छ दिन लगाएर यस संसार सृष्टि गर्नुभयो र त्यसपछि सातौं दिनमा उहाँले बिश्राम लिनुभयो। दोस्रोमा, परमेश्वरले हामीलाई उद्धार गर्नुभएको र येशूद्वारा मुक्ति दिनु भएकोले शाबथ दिन पालन गर्छौं। तेस्रोमा, हामीलाई चोखो वा पवित्र राख्ने परमेश्वरमात्र हुनुहुन्छ। त्यो काम केवल सृष्टि गर्न सक्ने शक्तिभएको परमेश्वरले मात्र सम्पन्न गर्न सक्नुहुन्छ। (त्यस सन्दर्भमा भजन ५१:१० र २ कोरन्थी ५:१७ पढ्नुहोस्।

छदिने सृष्टिलाई इन्कार गर्ने तर्कहरूले परमेश्वरको अनुग्रहलाई निकम्मा तुल्याउँछन्। हाम्रै धर्मकर्मले हामी मुक्ति पाउन सक्छौं,

कसैको अनुग्रहको आवश्यकता छैन भनेर सृष्टिकर्ता परमेश्वरलाई विश्वास नगर्ने विभिन्न वादहरूले सिकाउँदछन्। तर हामीलाई परमेश्वरले नै सृष्टि गर्नुभएको हो भन्ने विश्वासले हामी परमेश्वरको अनुग्रहमा पूरा निर्भर छौं भनेर देखाउँछौं। फेरि त्यसले, हाम्रो मुक्तिको निम्ति हाम्रो बदलामा ख्रीष्ट मर्नुभयो, त्यसकारण पापबाट उद्धार पाउन येशूको बलीमा मात्र भरपर्नुपर्छ भन्ने हाम्रो सृष्टि वा उत्पत्तिको कथाले औंल्याउँछ।

**जसरी हाम्रो जीवनको निम्ति परमेश्वरमा भरपर्छौं त्यसरी नै हाम्रो मुक्तिको निम्ति परमेश्वरमा नै भरपर्दछौं। (तपाईंको जन्मको बारेमा तपाईंको केहि नियन्त्रण छ त?)। हाम्रो जीवनको यावत थोकहरूको निम्ति परमेश्वरको अनुग्रहको अत्यन्त आवश्यक छ भनेर विश्रामबार अर्थात् शाबथको सन्देशले कसरी बताउँछ? हामी कसरी र किन जीउने भन्ने तर्कलाई प्रभाव पार्न त्यस आत्मज्ञानले कसरी सघाउँछ?**

## ३. येशू र शाबथ (मर्कूस २:२७,२८)

**येशूले मर्कूस २:२७,२८मा सब्बथको बारेमा एक अत्यन्त महत्त्वपूर्ण सत्य वचन व्यक्त गर्नुभएको थियो। उहाँले व्यक्त गर्नुभएको नितिलाई हाम्रै जीवनमा कसरी आत्मसात् गर्ने भन्ने कुरामा गम्भिर हुनु आवश्यक छ। हेर्नुहोस्: "येशूले फरिसी पण्डितहरूलाई भन्नुभयो, ' विश्रामको दिन मानिसहरूलाई सहयोग गर्नु भनेर नै शुरू भएको हो। विश्राम दिनको निम्ति मानिसहरू सृष्टि भएको होइन। 28 त्यसैले मानिसको पुत्र शाबथ दिनको पनि प्रभु हो।'"(रूपान्तरित)।**

अन्न बालीहरू हुँदै येशू र उहाँका चेलाहरू जान्दै थिए। भोकाएको हुनाले चेलाहरूले केहि अन्नहरू टिपेर खाएका थिए। खेतबाट जान्दै गर्दा अन्न टिप्नुचाहिँ समस्याको विषय थिएन। यहूदी नितिनियममा त्यसो गर्न अनुमति नै थियो। खानाको आवश्यकता सबैलाई हुन्छ। जब हिंड्दै गर्दा भोकाएको हुनानले येशूका चेलाहरूले अन्न टिपेर खाने काम ठिकै थियो। मानवताको दृष्टिकोणले त्यो काम येशूको निम्ति स्वीकार्य निति नै थियो। तर यहूदी पण्डित र अगुवाहरूको समस्याचाहिँ के थियो भने आफूहरूले बनाएका शाबथको पालनको निम्ति अनगिन्ति नितिहरू बनाएका थिए र मानिसको आवश्यकता भन्दा तिनीहरूको निम्ति ती नितिहरू पालन गर्नु ठूलो थियो। अर्थात् धर्मको नाउँमा आफूले बनाएका नितिनियम वा संस्कारहरूको प्राथमिकता मानवकल्याण भन्दा माथि तिनीहरूले राखेका थिए। ख्रीष्ट र यहूदी धर्मका पण्डित,

स्वामी वा गुरूहरूको बीचमा भइरहेको निरन्तर विवादको जड त्यहि थियो। अर्थात् ती यहूदी गुरूहरूको निम्ति धर्म ठूलो तर येशूको निम्ति मानिस ठूलो। धर्मसंस्कारको नाउँमा मानिसलाई जोखिममा पार्नुहुन्न भन्ने येशूको आह्वान थियो भने, धर्मगुरूहरूले धर्म रक्षा गर्ने निहुँमा मानिसलाई जोखिममा पार्न हिचकिचाउँदैनथे। शाबथको बारेमा येशूले जुन धारणा व्यक्त गरे त्यसले यहूदीहरूको निति गलत थियो भनेर तिनीहरूलाई उहाँले सरासर चुनौति दिनुभएको थियो। शाबथ मानव कल्याणको निम्ति आशिषमय दिन हुनुपर्थ्यो। शाबथमा अन्न टिप्नु र त्यसलाई छोडाएर खानु यहूदीहरूको निम्ति शाबथमा काम गरेको देखाउँथ्यो जुन् तिनीहरूको निम्त अमान्य थियो। तर शाबथको नाउँमा मानिसलाई कष्ट दिने र धर्मको वस्त्र पहिरेर आफू धर्मी तर अरूचाहिँ दोषी साबित गरेर मानिसको हृदयलाई पोल्ने अनुमति शाबथका स्वामी येशूले दिनुभएको छैन।

**शाबथमा बिश्राम लिनु भनेको सूर्योदयदेखि सूर्यास्तसम्म सुत्नु होइन तर मानव कल्याणको निम्ति क्रियाशील हुनु हो भनेर येशूले विभिन्न क्रियाकलापबाट देखाउनु भएको थियो। तर त्यसले गर्दा उहाँ यहूदी धर्मगुरू तथा अगुवाहरूसँग हरदम कचकच भइरहेको थियो। तर तिनीहरूको निति पालन गर्न येशूलाई बाध्य थिएन भनेर देहायका पदहरूले कसरी देखाउँछन्, हेर्नुहोस्ः मत्ती १२:९-१३, लूका १४:१०-१७ र यूहन्ना १:१-१७।**

**सुसमाचारको कुनै पनि पुस्तकमा शाबथको अस्तित्वको बारेमा प्रश्न गरिएको छैन। बरू शाबथलाई कसरी पालन गर्ने भन्ने बारेमा विवादचाहिँ भएको थियो। शाबथलाई हटाउनुपर्छ भन्ने विषय नयाँ करारले कहिँपनि औंल्याएको छैन।**

**शाबथलाई कुन् मान्यता दिएर पालन गर्नुपर्छ भनेर येशूको अनुकरणीय उदाहरणले देखाउँदछ। येशूको उदाहरणले एउटा कुरो हामीले स्पष्ट देख्छौं। त्यो हो, मानवहितको निम्ति उसको कष्टमा राहत दिन्दा शाबथ दिनको निति तोडिएको हुँदैन। शाबथको ठिक रूपमा पालन गर्नु भनेकै अरूको भलाइ गर्नु हो भन्ने येशूको नितिलाई हामी कसैले पनि पन्छाउनुहुन्न।**

येशूको उदाहरणको अनुसरण गरेर तपाईंले पनि शाबथ दिनको पालना गर्न अग्रसर भइरहनुभएको छ भनेर कसरी देखाइरहनुभएको छ?

## ४. संसारको अन्त्यको समय र शाबथ दिन (२ पत्रुस ३ः३-७)

आधुनिक समाजमा कतिपय मानिसहरू छन् जसले परमेश्वरको बारेमा उपहास गर्दछन्। अन्तिम समयमा त्यस्ता मानिसहरू आउनेछन् हुन् भनेर पत्रुसले बयान दिएका थिए। तिनीहरूले कुन् सत्यलाई अश्विकार गर्दछन् र किन अश्विकार गर्दछन् भनेर २ पत्रुस ३ः३-७मा पत्रुसले यसरी व्यक्त गर्दछन्ः "3 तिमीहरुले बुझ्नै पर्छ कि अन्तिम दिनहरूमा के हुनेछ। त्यस्ता मानिसहरु आउनेछन् जसले तिमीहरूको खिल्ली उडाउनेछन्। ती मानिसहरू आफ्नै इच्छाले चाहेका कुकर्महरु गरेर बाँच्नेछन्। 4 ती मानिसहरुले भन्नेछन्, "उहाँ फेरि आउने प्रतिज्ञा गर्नु भएको थियो रे! खोइ त्यो प्रतिज्ञा के भयो? हाम्रा पिता-पूर्खा मरेर गए। तर संसार सृष्टि भएको समयदेखि प्रत्येक वस्तु यथावत प्रकारले चलिरहेको छ।" 5 तर ती मानिसहरू धेरै अधि के घटेको थियो सो सम्झन चाहँदैनन्। परमेश्वरको वचनबाटै स्वर्गहरू सृष्टि भयो र पृथ्वीचाहिँ पानीबाट र पानीद्वारै बनाइयो भन्ने शिक्षा तिनीहरू ग्रहण गर्न चाहन्नन्। 6 त्यहि संसारमा जलप्रलय भयो र त्यसलाई पानीले ध्वंश पाऱ्यो। 7 अनि परमेश्वरको त्यही वचनले आकाश र पृथ्वीसहित त्यहाँ रहेका दुष्ट अर्थात् भक्तिहीन मानिसहरू आगोले नष्ट पार्न साँचिराखेकाछन्। न्यायको दिनको निम्ति सारा जगत र पृथ्वी जोगाइराखेकाछन्। त्यस समय परमेश्वरका विरुद्धमा उठ्ने सबै मानिसहरूको विनाश हुनेछन्।" (रूपान्तरित)।

यो प्रकृति जसरी चलेका थिए त्यसरी नै चलिरहेका छन् भनेर दाबी गर्दै परमेश्वरमा विश्वास नगर्नेहरूले विश्वास गर्नेहरूको उपहास गर्नेछन्। वैज्ञानिकहरूको बीचमा त्यस्ता धारणालाई विश्वास गर्नेलाई "एकरूपतावादी अर्थात् युनिफोर्मिटेरियनिजम" भन्दछन्। त्यो विश्वासले परमेश्वरबाट आश्चर्य कामहरू हुँदैन भनेर दाबी गर्दछ। येशूले प्रतिज्ञा गरेको अनुसार उहाँ आउनुहुन्न भनेर तिनीहरूले दाबी गर्दछन्।

दोस्रो आगमनको उपहास गर्नेहरूसँग पत्रुसले सृष्टि र जलप्रलयको विश्वास नगर्ने मानिसहरूलाई गाँसिएको सोचनिय छ। यदि एउटा सत्यलाई इन्कार गऱ्यो भने अर्को सत्य पनि इन्कार गर्न सजिलो नै हुन्छ।

त्यहि सन्दर्भमा प्रकाश १४ः६,७ पढ्नु अर्थपूर्ण छः " तब मैले अर्को स्वर्गदूतलाई आकाशमा उडिरहेको देखें। पृथ्वीमा बस्ने मानिसहरू, प्रत्येक राष्ट्र, जाति, भाषा अनि वंशलाई प्रचार गर्नका निम्ति त्यो स्वर्गदूतसित अनन्त सुसमाचार थियो! 7 त्यो स्वर्गदूतले ठूलो आवाजमा

**भन्यो, "परमेश्वरको भय राख अनि उहाँको स्तुति गर। सबै मानिसहरुको न्याय गर्ने परमेश्वरको समय आएको छ। परमेश्वरको उपासना गर, जसले स्वर्ग, पृथ्वी, समुद्र अनि जलश्रोतको सृष्टि गर्नुभयो।" (रूपान्तरित)। हो येशूभक्तहरूलाई मानिसहरूले गिल्ला गर्लान्, तिनीहरूको उपहास गर्लान्, तिनीहरूलाई शङ्काका वाणहरूले हान्लान्। यद्यपि, स्वर्गको शक्तिको आडमा कुन् सन्देश प्रचारप्रसार गरिन्छ त?**

नास्तिक, गिल्ला गर्नेहरू, येशूभक्तहरूका कुरा नसुन्नेहरू गलत छन्। न्यायको दिन आइरहेको छ। "स्वर्ग, पृथ्वी, सारा समुद्र र यावत थोकहरू सृष्टि गर्नुहुने परमेश्वरको आराधना गर" (प्रकाश १४:७) भनेर स्वर्गदूतले आह्वान गर्दछन्। त्यो भाषा सृष्टिमा उच्चारण गरिएको भाषा हो। त्यसले प्रस्थान २०:११लाई औंल्याउँछ। त्यसमा अन्तको समयमा पनि सृष्टि र शाबथ कतिको महत्त्व रहेछ भनेर देखाइएको छ। सृष्टि र मुक्तिको कथाको उदाहरण शाबथ हो। परमेश्वरले यस संसारलाई सृष्टि गर्नुभयो भन्ने सत्यतालाई विश्वास नगर्नेले शाबथ दिनको बारेमा विश्वास गर्न पनि कर छैन। सृष्टिको कथालाई इन्कार गर्दा बिश्रामबार अर्थात् शाबथको अस्तित्वलाई पनि इन्कार गर्न अग्रसर गराउँछ। त्यसको अर्थ सत्य शाबथलाई पन्छाएर मानिसले निर्धारण गरेको दिनलाई पवित्र दिनलाई मान्नु हो। आत्मिक रूपमा परमेश्वरप्रति बफादारी नहुनु भनेको उहाँबाट अलग हुन निहुँ होज्नु हो।

परमेश्वरलाई सृष्टिकर्ताको रूपमा आराधना गर भनेर उहाँले बोलाइरहनुभएको छ। परमेश्वर नै सृष्टिकर्ता हुनुहुन्छ भन्ने प्रमाण शाबथ अर्थात् विश्रामबारमा जस्तो अन्त कहिँ पनि छैन। त्यसकारण अन्तिम दिनहरूमा परमेश्वर नै सृष्टिकर्ता हुनुहुन्छ भनेर औंल्याउने मूल चिन्ह नै शाबथ भएको कुरालाई हामी सबैले गम्भिर रूपमा लिनुपर्दछ।

**घोरिएर सोच्नुहोस्: वास्तविक छ दिनको यथार्थ सृष्टिको कथालाई ग्रहण गर्न नचाहँदा शाबथको गरिमामयलाई पनि स्वीकार गर्न कमजोर बनाउँदछ। यदि सातौं दिनको शाबथको बारेमा हाम्रो आत्मिक ज्ञान कमजोर भएमा अन्तको समयमा हामीले सहनु परेको सतावट वा दुःखकष्टमा किन अडिग भएर बस्ने?**

## ५. शाबथको निम्ति भजन (भजन ९२)

पवित्र विश्रामवार अर्थात् शाबथलाई कसरी हर्षोल्लाससाथ पालन गर्नुपर्छ भनेर भजन ९२मा उल्लेख गरिएको छ। परमेश्वरको

बारेमा गडगड हुने, उहाँको प्रशंसा गर्ने, उहाँतिर हाम्रो दिमाग लगाउने जस्ता प्रक्रिया नै शाबथ पालनाको निति हुनसपर्दछ भनेर त्यस भजनको लेखकले व्यक्त गरेकाछन्। हेर्नुहोस्ः “परमप्रभुको गुण-गान गर्नु असल कुरा हो। सर्वोच्च परमेश्वर, तपाईंको गुण-गान गर्नु असल कुरा हो। 2 बिहानको समयमा तपाईंको प्रेमको बारे गाउनु असल हो, अनि रातमा तपाईंमा भएको हाम्रो विश्वासको बारेमा गाउनु असल हो। 3 परमेश्वर, दश तारे बाजाहरू, वीणा र सारङ्गीहरू तपाईंको लागि बजाउनु असल कुरा हो। 4 हे परमप्रभु, तपाईं आफूले सृजना गर्नुभएको हामीलाई साँच्चि नै खुशी पार्नुभयो। हामी खुशीसाथ तपाईंले गर्नु भएका कुराहरूको बारे गाउँछौं। 5 हे परमप्रभु तपाईंले कति महान् कामहरू गर्नुभयो। तपाईंका विचारहरू हामीलाई बुझ्न अति कठिन छ। 6 हामीसँग तपाईंको तुलना गर्दा मानिसजाति मूर्ख जनावरहरू जस्तै देखिन्छन्। हो, हामी मूर्खहरू हौं जसले केही पनि बुझ्न सक्दैन। 7 दुष्ट मानिसहरू झारपातहरू जस्ता जहीं-तहीं उम्रन्छन्। तर तिनीहरू सधैंको निम्ति नष्ट हुनेछन्। तिनीहरू जे गर्छन् त्यो सदालाई नास भएर जान्छ। 8 तर हे परमप्रभु, तपाईंलाई सदा आदर गरिनेछ। 9 हे परमप्रभु, तपाईंका सम्पूर्ण शत्रुहरू नाश हुनेछन्। सम्पूर्ण ती मानिसहरू जसले पापका कामहरू गरे तिनीहरू नष्ट हुनेछन्। 10 तर तपाईंले मलाई बलियो बनाउनु भयो। म दरिलो सींङहरू भएको भेडा जस्तै हुनेछु। तपाईंले खास कामको लागि मलाई रोज्नुभयो, तपाईंले आफ्ना ताजा तेलहरू ममाथि खन्याउनु भयो। 11 मैले मेरो शत्रुहरू वरिपरि भएको देखें। तिनीहरू मलाई आक्रमण गर्न तयार भएका विशाल साँढेहरू जस्ता छन्। मेरो बारेमा तिनीहरूले के कुरा गरिरहेका छन् सो मैले सुनें। 12 असल मानिसहरू लेबानेनमा परमप्रभुको मन्दिरमा रोपिएको देवदारू रूखहरू जस्ता छन्, परमप्रभुको मन्दिरमा रोपिएका धर्मी मानिसहरू हाम्रो परमेश्वरको मन्दिरको प्राङ्गणमा फुलिरहेकाछन्। 13 14 तिनीहरू बृद्ध भए तापनि तिनीहरूले नयाँ र स्वस्थ रूखले जस्तै लगातार फल उत्पादन गरिरहने छन्। 15 तिनीहरू त्यहाँ हुनु नै परमप्रभु असल हुनुहुन्छ, भन्नलाई नै हो। उहाँ मेरो चट्टान हुनुहुन्छ, अनि उहाँले अनुचित कहिले पनि काम गर्नुहुन्न।" (रूपान्तरित)।

भजनसँग्रहका लेखकले परमेश्वरलाई राम्रैसँग चिनेका थिए। त्यस लेखक र परमेश्वरको बीचमा घनिष्ट सम्बन्ध थियो। परमेश्वर कस्तो हुनुहुन्छ भन्ने कुरामा त्यस लेखक स्पष्ट थियो। परमेश्वरले के के

कामहरू गर्नुभयो भन्ने कुरामा पनि उनलाई राम्रैसँग थाहा थियो। एक दिन परमेश्वरले के गर्नुहुनेछ सो पनि उनलाई थाहा थियो। ती सबै कारणहरूले गर्दा नै परमेश्वरप्रति अति आनन्दित भएको तिनी अनुभव गर्दछन्।

शाबथ दिनमा गाउनु पर्ने त्यस उत्कृष्ट भजनलाई हामीले किन आत्मसात् नगर्ने? हेरौं त्यसमा भएका केहि विषयवस्तुहरू जसले हाम्रो विश्वासलाई दन्हिलो बनाउँछन्।

प्रथमतः त्यस भजनमा परमेश्वरको प्रशंसा गरिएको छ। उहाँप्रति अत्यन्त कृतज्ञाता प्रकट गरिएको छ। कारण किनभने उहाँ ममतामयी मायालु परमेश्वर हुनुहुन्छ। उहाँ विश्वास योग्य र भरपर्दो परमेश्वर हुनुहुन्छ। भजन ९२ जस्तै परमेश्वर सृष्टिकर्ता हुनुहुन्छ भनेर देखाउने जुनसुकै भजन पनि शाबथको निम्ति उहाँको गुणगान गाउने भजन हुनसक्दछ।

फेरि त्यस भजनमा परमेश्वरले गर्नुहुने न्यायको बारेमा हेर्नुहोस्। परमेश्वर न्यायमूर्ती हुनुहुन्छ। उहाँले केवल दुष्टहरूको मात्र न्याय गर्नुहुन्न भनेर बाइबलले खुलारूपमा देखाउँदछ। धार्मिक अर्थात् परमेश्वरमा प्रतिबद्ध भएर बस्नेको पक्षमा पनि परमेश्वर न्याय गर्नुहुन्छ (हेर्नुहोस् दानियल ७:२०-२९)। न्यायका ती दुई पक्षहरू त्यस भजनमा औंल्याइएका छन्। परमेश्वरले के गरिरहनुभएको छ र के गर्नुहुनेछ त्यो प्रत्यक्षरूपमा अहिले हामीले नदेखौंला र अनुभव नगरौंला रे। तर यस संसारको अन्तमा न्याय हुने नै छ भन्ने कुरा सुनिच्चित छ भनेर त्यस भजनले देखाउँदछ। फेरि परमेश्वरको आखिरी फैसलापछि यस पृथ्वीलाई नयाँ गरि पुःन सृष्टि गर्नुहुनेछ (प्रकाश २१:५)।

त्यस भजनबाट हामीले अरू केहि पनि पाउँदैनौं भनेर मानौं रे। तर कमसेकम शाबथ दिन पवित्र दिन हो र परमेश्वरमा आनन्दित हुनुपर्दछ, उहाँसँग रमाइलो गर्नुपर्छ भन्ने कुरो त हामी त्यसबाट पाउँछौं। फेरि उहाँले हाम्रो निम्ति के गर्नुभयो त्यसबारे समिक्षा गरेर त उहाँप्रति कृतज्ञता जाहेर गर्न हामी सक्छौं। उहाँले हाम्रो निम्ति के गर्नुहुनेछ भन्ने बाचामा पनि हामी ढुक्क हुनसक्छौं। भजन ९२को मूल विषय वस्तुहरू नै उहाँको प्रशंसा गर्नु, उहाँप्रति आनन्दित हुनु र उहाँमा खुशी हुनु हुन्। तर भजनका लेखकले कुनै धर्मकर्म गरेर त्यो स्थितिमा आफूलाई पारेकोले होइन बरू परमेश्वरले गर्नुभएको सबै थोकले र उहाँले के गर्नुहुने बाचाले गर्दा नै हो।

हो, परमेश्वरले हामीलाई अचम्मको वरदान दिनुभएको छः हाम्रो जीवनको केवल सातभागको एक भाग मात्रै हरेक हप्तामा विश्राम लिनुपर्ने वरदान! त्यो हामीहरूको व्यस्त जीवनबाट स्वतन्त्र हुने दिन हो र हामीहरूको नजर वा ध्यान परमेश्वरको क्रियाकलापतिर दृष्टिगत गर्ने दिन हो।

**भजनका लेखकले व्यक्त गरेको भावना अनुसार शाबथ दिनलाई तपाईंले पनि कसरी उल्लासमय बनाउन सक्नुहुन्छ? शाबथ दिन हर्षको दिन नभएर बोझको दिन तपाईंले अनुभव गरिरहनुभएको छ भने आत्मिक रूपमा आफूलाई मूल्याङ्कन गर्नुहोस्।**

## उपसंहारः

<u>थप जानकारीः</u> “परमेश्वरले नर र नारीलाई आफ्नै स्वरूपमा सृष्टि गर्नुभयो। त्यसमा रहस्यमय कुराहरू केहि पनि छैन। जनावर वा हरिया वनस्पतीबाट बिस्तारै प्रशोधित हुँदै मानिसको रूप बन्न गयो भन्ने तर्कको कुनै अर्थ छैन। मानिसको आगमनलाई अत्यन्त तल्लो स्तरमा झार्दा सृष्टिकर्ता परमेश्वरको महान् कामलाई नै निचतामा झार्छ र मानिसको दिमागलाई सिमित र साँगुरो बनाउँछन्। परमेश्वर सृष्टिकर्ता हुनुहुन्छ भन्ने आदरणीय दर्जाबाट हटाउन कतिपय मानिसहरूले भरमग्दुर प्रयास गरिरहेकाछन्। जुन गरिमामय स्तरमा मानिसलाई सृष्टि गरियो त्यो स्तरमा रहनबाट विकासवाद सिद्धान्तले लुटिदिन्छ। परमेश्वरले तारा मण्डलले सारा जगतलाई ढाक्नुभएको छ। आफ्नो कुशल दक्षता देखाएर परमेश्वरले धर्तीमा फुलहरूले रङ्गाउनुभएको छ। जगत र पृथ्वीमा उहाँका अचम्मका कामहरूले भरिदिनुभएको छ। जब परमेश्वरले आफ्नो महिमित वा सिद्धकाम सम्पन्न गर्नुभयो तब उहाँले सारा पृथ्वीका उत्कृष्ट सृष्टि मानिसलाई यस सुन्दर धर्तीमा रजाईं गर्न राखिदिनुभयो। परमप्रभु परमेश्वरले मानिसलाई सृष्टि गर्नुभएकोले नै मानिस अति मूल्यवान भएको छ। मानिसहरूको सुरूको श्रेय कुनै शुक्ष्म किटाणु, कोष वा नरबाँदर होइन तर महान् सृष्टिकर्ता परमेश्वर हुनुहुन्छ भनेर मानव इतिहासले देखाउँदछ।"-एलेन जी ह्वाइट, *पाट्रियार्क एण्ड प्रोफेटस्*, पृ. ४५बाट रूपान्तरित।

**चिन्तनमननः**

अ. वर्तमान अन्तिम दिनहरूमा शाबथ र सृष्टिको बीचमा भएको सम्बन्ध किन महत्त्वपूर्ण मानिनुपर्दछ? त्यो सत्य प्रकाश १४:६,७ले कसरी उघारीदिएको छ? उपरोक्त जिज्ञासाको मनन गर्दा चौठौं बुँदाको अन्तिम प्रश्न फेरि गहिरिएर हेर्नुहोस्।

आ. अठारौं शताब्धिको दशकमा बेलायतको प्रकृतिका विशेषज्ञ चार्लस दार्विनले विकासवाद सिद्धान्तलाई परिचय गरायो। फेरि त्यहि दशकमा नै परमेश्वरले यस्तो एउटा चर्च खडा गर्नुभयो जसले सातौं दिनको बिश्रामबार अर्थात् शाबथको बिशेष विश्वासलाई समर्थन जनायो। प्रकाश १४ अध्यायमा उल्लेखित तिन स्वर्गदूतहरूको सन्देशलाई सारा संसारमा फैलाउन पनि परमेश्वरले त्यस चर्चलाई स्थापना गर्नुभयो। सारा जगतहरू र पृथ्वी सृष्टि गर्नुहुने परमेश्वरको उपासना गर भनेर त्यस सन्देशले आह्वान गर्दछ। ती चर्चको प्रवुद्ध सदस्य वर्गहरूले विकासवाद सिद्धान्तको पक्षमा तर्क गर्नु जस्ता दुःखलाग्दो अरू के होला? त्यस्तो मनस्थितिले तिनीहरू विश्वासबाट कति तल झरेछन् भनेर देखाउँदछ।

इ. जीवन कतिको जटिल तत्व रहेछ भनेर केहि वर्ष अघिदेखि विज्ञानले देखाइरहेको छ। एउटा सानो तथा सरल कोष पनि कति जटिलको रहेछ भनेर चार्लस दार्विनलाई थाहा नभएको हुनसक्छ। मानिस वा कुनै जीवजीवातको शरीरमा रहेको साधारण कोषको जटिलता जुन हदसम्म हामीलाई थाहा भइरहेको छ त्यो दार्विनले सोचेको पनि थिएन होला।

अचम्मको कुरो त यो छ, अहिले हामीले थाहा पाएको जीवन कति जटिल छ भनेर थाहा पाएपनि कतिपय वैज्ञानिकहरूले संसारको सृष्टि अकस्मात भएको थियो भनेर सिकाउँदछन्। अकस्मात तरिकाले हाम्रो जटिल जीवन कसरी बनिन आयो होला? जीवनको जटिलताको बारेमा जतिपनि पत्ता लगाइरहेको हुन्छ त्यसले विकासवाद सिद्धान्तलाई प्रमाणित गर्न कमै अवसर दिइरहेको हुन्छ।